**आदरणीय अभिभावकज्यू,**

किन्डर्गार्टेन तह (नर्सरी देखी यू. केजी. सम्म) को अनलाइन कक्षा गत हप्ता परिक्षणको रुपमा लिएको यथार्थ यहाँहरूलाई बिदितै छ। यहाँका नानीबाबुहरूको अनलाइन कक्षामा ध्यान केन्द्रित भएर बस्ने सम्भावना कम देखिएकाले गत हप्ता गरिएको परिक्षण कक्षा खासै प्रभावकारी हुन सकेन। त्यसैले, यहाँहरू सगको अन्तर्कृया पश्चात किन्डर्गार्टेन तहको शिक्षिकाहरूको बैठकले अभिभावकज्यूहरुलाइ दैनिक रुपमा गृहकार्य पठाउने, पढाईसँग सम्बन्धित पढ्ने र हेर्ने पाठ्य सामाग्रीहरू नियमित रुपमा कक्षागत मेसेन्जर ग्रुपमा सेयर गर्दै उपलब्ध गराउने निर्णय गरेको कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छौँ। कतिपय पढ्ने, हेर्ने र त्यसकै आधारमा लेख्नुपर्ने हुन सक्ने भएकाले उपलब्ध गराइएका भिडिओहरु लगायत अन्य पाठ्य सामाग्रीहरू आफ्न नानीबाबुलाई देखाइदिनुहुन, पढेर सुनाइदिनिहुन एबम नियमित रुपमा गृहकार्य गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ।

बिद्यालयको वेबसाइट **www.riviera.edu.np** मा प्रत्येक दिन बिहान ८:०० बजे सम्ममा गृहकार्य पनि नियमित रुपमा उपलब्ध गराइरहेको कुरा अवगत गराउन चाहन्छौं। अभिवावकज्यूहरूले आफ्ना नानीबाबुलाई गृहकार्य गर्न लगाइ सुरक्षित रुपमा राखिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

**अभिभावकज्यूहरूको केही जिज्ञासा भए कक्षागत मेसेन्जर ग्रुप वा रिभेराको फेसबूक पेजको सेन्ड मेसेज मार्फत पनि पठाउन सक्नुहुनेछ।**

यदी कोही अभिभावकज्यूहरु बिद्यालयले निर्माण गरेको कक्षागत फेसबूक मेसेन्जर ग्रुपमा सम्मिलित हुनुहुन्न भने बिद्यालयको फेसबुक एकाउन्ट **Riviera Int'l** लाई **Friend Request** पठाउनु होला। फ्रेन्ड रिक्वेस्ट **Accept** भएपछी **Riviera Int'l** को मेसेन्जर बक्समा गएर **आफ्नो नानी/बाबुको नाम, कक्षा** उल्लेख गरिदिनुभयो भने हामी मेसेन्जर ग्रुपमा सम्मिलित गरिदिनेछौँ।

**हप्ताको एकपटक नानीबाबु एबम अभिभावकज्यूहरूसँग अनलाइन अन्तर्कृया गरिने कुरा पनि जानकारी गराउन चाहन्छौँ। धन्यवाद।**

**विद्यालय प्रशासन**
**रिभेरा इन्टरनेसनल एकेडेमी**

**मिती २०७७ साल बैशाख १७ गते बुधवार**